# थलारा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**खोली, बझाङ**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

## करार सेवामा पदपुर्ति सम्बन्धी सूचना

**सूचना न. २१**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१४)**

प्रस्तुत विषय सम्बन्धमा यस थलारा गाउँपालिका अन्तर्गत रिक्त रहेको रोजगार संयोजक, प्राविधिक सहायक र गोदाम व्यवस्थापक पदमा करार सेवामा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०५/२०८१-०८२ | रोजगार संयोजक | स्थानीय सेवाको छैठौं तह सरह | १ जना |
| २ | ०६/२०८१-०८२ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ जना |
| ३ | ०७/२०८१-०८२ | गोदाम व्यवस्थापक | स्थानीय सेवाको पाँचौ तह सरह | १ जना |

**१. रोजगार संयोजकको लागि न्युनतम शैक्षिक योग्यताः**

(१) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

(२) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

(३) मान्यता प्राप्त शैक्षिक संस्था वा इन्सिच्युटबाट कम्प्युटर विषयमा कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।

**२. प्राविधिक सहायकका लागि न्युनतम शैक्षिक योग्यताः**

(१) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा तह उत्तीर्ण गरेको ।

(२) आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तिमा ३ महिना तालिम भएको ।

**३. गोदाम व्यवस्थापकका लागि न्युनतम शैक्षिक योग्यताः**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
- आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तिमा ३ महिना तालिम भएको ।

**४. उमेरः**

- रोजगार संयोजकका लागि दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
- प्राविधिक सहायकका लागि १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

गोदाम व्यवस्थापकका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको महिला तथा अपाङ्गको हकमा १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।

**५. दरखास्त दिने स्थानः** थलारा गाउँपालिकाको कार्यालय खोली, बझाङ्ग अथवा थलारा गाउँपालिकाको ईमेल **thalaramun@gmail.com** मा पठाउन सकिनेछ ।

**६. दरखास्त दिने अन्तिम मितिः** २०८१/०७/२८ गते कार्यालय समय भित्र ।

**७. आवेदन दस्तुरः** रोजगार संयोजकका लागि रु १०००।- गोदाम व्यवस्थापक र प्राविधिक सहायकका लागि रु ७००।- (थलारा गाउँपालिकाको नाममा रहेको कुमारी बैंक शाखा कार्यालय खोली बझाङ्गमा रहेको खाता नं. १८४०१०२६१२३००००१ मा जम्मा गरेको भौचर ।

**८. छनौटको किसीमः** रोजगार संयोजकको र प्राविधिक सहायकको हकमा : प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित परीक्षा र कम्प्युटर प्रयोगात्मक परीक्षा ।

**गोदाम व्यवसथापकको:** लिखित, कम्प्यूटर प्रयोगात्मक परीक्षा र अन्तरवार्ता ।

**९. आवेदन साथ संलग्न कागजातहरूः** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, उम्मेदवारको व्यक्तिगत विवरण, कम्प्युटर तालिमको प्रमाणपत्रको प्रतिलिपी, कार्यानुभव प्रमाणपत्रको प्रतिलिपि, न्युनतम शैक्षिक योग्यताको प्रतिलिपी, चारित्रिक प्रमाणपत्रको प्रतिलिपी, आवेदन फारमका साथ २ प्रति पासपोर्ट साइजको फोटो

**१०. परीक्षाको मिति, समय र स्थानः** संक्षिप्त सूची प्रकाशन गरे पश्चात यस कार्यालयको सूचना पाटी तथा वेवसाइट मार्फत जानकारी गराइनेछ

**प्रमुख प्रशासकिय अधिकृत**